# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

मिति: २०८०/०७/१३

विषय: जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा करदाता सेवा कार्यालय सन्धिखर्क, अर्घाखाँचीको च.न. ४२ मिति २०८०/०७/१२ को पत्रबाट व्यवसाय दर्ता/नविकरण र खारेजी सम्बन्धमा देहाय बमोजिम लेखि आएकोले सोही अनुसार गर्नु गराउनुहुन सरोकारवाला सबैमा सादर अनुरोध छ ।

<u>देहाय:</u>

१) गाउँपालिकाको कार्यालयमा व्यवसाय दर्ता भएको ३० दिनभित्र अनिवार्य रुपमा स्थायी लेखा नम्बर (प्यान) जारी गर्नुपर्ने भएकोले व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकता प्रमाणको प्रतिलिपि, पासपोर्ट साईजको फोटो १ प्रति व्यवसाय संञ्चालन गर्ने घरको जग्गाधनी पुर्जाको प्रतिलिपि, भाडा संचालन गर्ने भए भाडा सम्झौता र आफ्नो नाममा जग्गाधनी पुर्जा नभएमा जग्गाधनी सँगको मञ्जुरीनामा समेत लिई करदाता सेवा कार्यालय सन्धिखर्क, अर्घाखाँचीमा जानुपर्ने ।

२) स्थायी लेखा नम्बर प्यान जारी नभएका व्यवसायको खारेजी/नविकरण नहुने भएकोले बुँदा न. १. को प्रक्रिया पुरा गरी स्थायी लेखा नम्बर लीएर मात्र गाउँपालिकाको कार्यालयमा व्यवसाय खारेजी/नविकरण का लागि आउनुपर्ने ।

३) व्यवसायको लगत कट्टा गर्दा सम्बन्धित व्यवसायको कर सम्बन्धि सम्पुर्ण प्रक्रिया पुरा गरी करदाता सेवा कार्यालय सन्धिखर्क, अर्घाखाँचीमा सिफारिस प्रमाणका आधारमा लगतकट्टा हुने भएकोले सो प्रक्रिया पुरा गर्नुपर्ने ।

चेत नारायण कंडेल
प्रमुख प्रशासकीय अधिकृत